# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
website : dhangadhimun.gov.np

प.सं. :- २०७९।८०
च.नं. :-राजश्व-

मिति :- २०८०।०४।०४

## त्रिनगर कृषि उपज हाटबजारको ठेक्का सम्बन्धी सूचना
## (प्रथम पटक प्रकाशित मिति : २०८०।०४।०४)

यस कार्यालय र त्रिनगर मावि, धनगढीको निर्णय बमोजिम त्रिनगर मावि, धनगढीको स्वामित्वमा रहेको त्रिनगर कृषि उपज हाटबजार साझेदारीमा व्यवस्थापन गर्न उक्त क्षेत्रभित्र लाग्ने हाटबजारको आर्थिक वर्ष २०८०।८१ (ठेक्का सम्झौता भएको मिति देखि २०८१ असारमसान्तसम्म) का लागि हाटबजारको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले उक्त कार्यको ठेक्का लिन ईच्छुक फर्म वा संस्थाले नविकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७८।७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नगर कार्यपालिकाको कार्यालयबाट सिलबन्दी दरभाउपत्र खरिद गरी देहायका शर्तका अधीनमा रही पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु :**

१. यो ठेक्काको न्यूनतम् ठेक्का अङ्क मू.अ.कर बाहेक रु. ६,००,०००।– (अक्षेरुपी छ लाख मात्र) र ठेक्काको अवधि ठेक्का लागेको समय देखि २०८१ असारमसान्त सम्मको हुनेछ।

२. कृषि उपज हाटबजार त्रिनगर मावि, धनगढीको स्वामित्वमा रहेको कित्ता नं. ११४९ को ०–१५–१२ क्षेत्रफल भएको जगामा रहेको छ। उक्त क्षेत्रभित्र तोकिएका दिन लाग्दै आएको हाटबजारमा मात्र ठेक्कावालाले हाटबजार लागेको प्रतिदिन धनगढी उप–महानगरपालिका कार्यालयबाट परिचय पत्र प्राप्त कृषकसंग मु.अ. कर बाहेक रु.३०।– र अन्य स्थानीय तहबाट सिफारिस वा परिचय पत्र लिएर आएका कृषकहरुबाट मु.अ. कर बाहेक रु.५०।– का दरले शुल्क उठाउन पाईनेछ। उक्त क्षेत्रभन्दा बाहिर गई शुल्क सङ्कलन गर्न पाईने छैन। उक्त क्षेत्र भन्दा बाहिर गई शुल्क सङ्कलन गरेको प्रमाण फेला परेमा धनगढी उप-महानगरपालिका, नगरकार्यपालिकाको कार्यालयले ठेक्का सम्झौता रद्ध गर्न सक्नेछ।

३. यो ठेक्काको प्रथम पक्ष धनगढी उप–महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दोस्रो पक्ष त्रिनगर मावि, धनगढी र तेस्रो पक्ष ठेक्कावाला हुनेछ। ठेक्का वापत संकलित रकम प्रथम र दोस्रो पक्षको हुनेछ।

४. यस सूचना बमोजिम पर्न आएका सिलबन्दी दरभाउपत्र खोल्दा र सम्झौता गर्दा त्रिनगर मावि, धनगढीको प्रतिनिधिको पनि सहभागिता रहनेछ।

५. सिलबन्दी दरभाउपत्र मिति २०८०।०४।१८ गते कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखाबाट नगद रु. १,०००।– (एक हजार) बुझाई रसिद लिएर (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ।

६. यस सूचना बमोजिम खरिद भएका सिलबन्दी दरभाउपत्र मिति २०८०।०४।१९ गते दिनको १२:०० बजेभित्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएका सिलबन्दी दरभाउपत्र मिति २०८०।०४।१९ गते दिनको १:०० बजे सम्बन्धित दरभाउपत्रदाता वा निजले तोकेको प्रतिनिधि, त्रिनगर मावि, धनगढीका प्रतिनिधि र यस कार्यालयका प्रतिनिधिको उपस्थितिमा खोलिनेछ। उक्त समयमा दरभाउपत्रदाता वा निजले तोकेको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

७. दरभाउपत्र खरिद गर्न, पेश गर्न र खोल्न तोकिएका दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सो सम्बन्धी काम हुनेछ।

८. दरभाउपत्र दर्ता गर्दा दरभाउपत्रदाताले आफुले कबोल गरेको ठेक्का अङ्कको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको रा.बा. बैंक, धनगढी स्थित धरौटी खाता (हि.नं. ४१७०१००३०३००००२) मा नगद जम्मा वा सो रकम बराबरको १२० दिन म्याद भएको बैंक जमानत (वीड वण्ड) पत्र पेश गर्नु पर्नेछ।

९. दरभाउपत्रदाताले सम्झौता हुने मिति देखि १३ महिना अवधि भएको कबोल गरेको ठेक्का अङ्क बराबरको नगद रकम वा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त 'क' वर्गको वाणिज्य बैंकद्वारा जारी गरिएको बैंक जमानत (परफरमेन्स बण्ड) दाखिला गरेपछि मात्र कार्यालयबाट ठेक्का सम्झौता गराई ठेक्कावालालाई ठेक्का भोग चलनको पट्टापुर्जी उपलब्ध गराईनेछ। सम्झौता गर्न आउँदा आ.व. २०७९।८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

१०. ठेक्कावालाले ठेक्का सम्झौता भईसकेपछि कुनै पनि अवस्थामा कुनै पनि प्रकारको रकम छुटको लागि हकदाबी गर्न पाईने छैन।

११. ठेक्का स्वीकृत भए पछि कबोल गरेको ठेक्का अङ्कलाई बराबर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नु पर्नेछ। त्यसपछि दोस्रो किस्ताको रकम प्रथम किस्ताको अवधिको अन्तिम दिन र तेस्रो किस्तावापतको रकम दोस्रो किस्ताको अवधिको अन्तिम दिनभित्र एकमुष्ट अग्रिम बुझाउनु पर्नेछ। दोस्रो र तेस्रो किस्ता बुझाउने दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन किस्ता वापतको रकम बुझाउनु पर्नेछ।

१२. सिलबन्दी दरभाउपत्रको टेण्डर फाराममा ठेक्का अङ्क कबोल गर्दा कबोल गरेको रकम अङ्क र अक्षर दुबैमा स्पष्ट लेखेको हुनु पर्नेछ। यदि अङ्क र अक्षरमा फरक लेखेको पाईएमा अक्षरलाई मान्यता दिईनेछ। यस कार्यालयबाट प्रमाणित नगरिएको, तोकिएको दस्तुर बुझाई खरिद नगरेको र म्याद नाघेर दर्ता भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन।

१३. दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र पेश गर्दा खामको बाहिर ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेखेको हुनु पर्नेछ।

१४. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१५. माथि उल्लेखित बाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

२०८०।४।४

नि. प्रमुख प्रशासकीय अधिकृत